नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

नेपाल सरकार
गृह मन्त्रालय

## प्रेस विज्ञप्ति

कोभिड-१९ को संक्रमण बढ्दै गएको वर्तमान अवस्थामा सो को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारद्वारा जारी विभिन्न मितिका आदेश, निर्देशन तथा निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्दै कोभिड-१९ को नियन्त्रण, रोकथाम तथा प्रतिकार्यका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड र गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्ड तथा गृह मन्त्रालयद्वारा यस सम्बन्धमा जारी निर्देशन तथा परिपत्रहरुको कडाईपूर्वक कार्यान्वयन गर्न मातहतका सवै सुरक्षा निकाय र सवै जिल्ला प्रशासन कार्यालयहरुलाई पटक पटक पत्राचार समेत भईसकेको छ । यातायातमा जोर विजोर प्रणालीको पालना गर्ने गराउने, अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गराउने लगायतका निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन समेत पटक पटक निर्देशन र परिपत्रहरु भएका छन् । सवै सुरक्षा निकाय र सवै जिल्ला प्रशासन कार्यालयहरुमा प्रेषित निर्देशन वमोजिम हालसम्म मास्क प्रयोग नगरी हिड्ने करिव ३ लाख ९५ हजार जना व्यक्तिहरुलाई नियन्त्रणमा लिई सम्झाई बुझाई छाड्ने र कतिपयलाई जरिवाना समेत गरिएको छ । हालसम्म अनुमति विना काठमाडौं उपत्यका प्रवेश गर्न खोज्ने करिव ७ हजार ६ सय सवारी साधन र करिव १९ हजार ४ सय यात्रुहरुलाई प्रवेश नाकाबाटै फिर्ता गरिएको छ । तोकिएको निर्देशन विपरित हालसम्म सवारी चलाउने करिव १ लाख ३७ हजार दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधनलाई होल्ड गरिएको छ भने हालको जोर विजोर प्रणाली पश्चात सो प्रणाली विपरित सवारी चलाउने करिव ५ हजार ३ सय सवारी साधनलाई नियन्त्रण र होल्डिङमा राखी कारवाही गरिएको छ । यस प्रकार कोभिड-१९ को बढ्दो संक्रमण नियन्त्रणका लागि जारी निर्देशनको कडाईपूर्वक कारवाही गर्ने कार्य निरन्तर जारी रहेको छ । अत: जारी निर्देशनहरु र मापदण्डहरुको पूर्ण पालना गर्ने गराउने कार्यमा आम नागरिकवाट सक्रिय र सकारात्मक सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि कोभिड-१९ संक्रमण रोकथाम तथा व्यवस्थापनको यस अभियानमा सवैबाट साथ र सहयोगको अपेक्षा गरिएको छ ।

मिति: २०७७।०४।२५

४/२५
चक्र बहादुर बुढा
सह-सचिव/प्रवक्ता